**कोरोना भाइरससम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख ९ गते**

सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख ९ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** राष्ट्रिय मानव अधिकार आयोगको संयोजकत्वमा गठित ( कोभड-१९) प्रदेशस्तरीय मानव अधिकार अनुगमन समितिको बैठक वैशाख ९ गते सम्पन्न भएको छ । समितिका सदस्य इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढीका संयोजक खड्कराज जोशीले विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रण र सङ्कटको बेलामा नागरिकका अधिकारको अवस्थाका बारेमा बैठकमा छलफल गरी विभिन्न निर्णयहरुसमेत गरिएको बताउनु भयो । बैठकमा प्रदेश र जिल्लामा गठन गरिएका मानव अधिकार समितिहरुले गरेका कार्यहरुको प्रलेखिकरण गर्ने , प्राप्त सूचनाहरुको विवरण केन्द्रीय अनुगमन समितिमा पठाउने , राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको चेकलिष्ट र कार्यबिधी अनुसार वर्तमान मानव अधिकारको अनुगमन गरी प्राप्त सूचनाहरुका आधारमा प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट जानकारी माग गर्ने , प्रदेश र स्थानीय सरकारलाई आवश्यकता अनुसार सुझाव र ध्यानाकर्षण गर्ने, भारतीय क्वारेन्टाइनमा २१ दिनभन्दा बढी अवधी भइसकेका नेपाली नागरिकहरुको आधारभूत मानव अधिकार सङ्रक्षण गरी उनीहरुको स्वास्थ्य परीक्षणपश्चात नेपालमा ल्याई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउन नेपाल सरकारको ध्यानकर्षण गर्ने , प्रदेश र स्थानीय सरकारले अतिविपन्न,मजदुर र असाहय व्यक्तिहरुलाई वितरण गरेको राहतको तथ्याङ्कसहित सार्वजनिक गर्न पहल गर्ने, कृषकहरुलाई बिउ, बिजन, सिंचाई, मलखाद सहजरुपमा आपूर्ति हुँने वातावरण श्रृजना गर्न र सुरक्षितरुपमा बाली लगाउन आवश्यक प्रबन्ध मिलाउन प्रदेश र स्थानीय सरकारको ध्यानकर्षण गराउने, लकडाउनको बेलामा विभिन्न अपराधीक घटनाहरुमा बृद्धि हुँदै गइरहेको सन्दर्भमा सुरक्षा सतर्कतामा ध्यान दिन सुरक्षा निकायको ध्यानकर्षण गर्नेलगायतका निर्णयहरु गरिएको इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढीका संयोजक तथा प्रदेशस्तरीय मानव अधिकार अनुगमन समितिका सदस्य जोशीले जानकारी दिनुभयो ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** शुक्लाफाँटा नगरपालीका वडा नम्बर ३ को कार्यालयले दैनिक ज्यालामजदुरी र अतिविपन्न २८ परिवारलाई सामाजिक दुरी कायम गरी राहत सामग्री वितरण गरेको छ । राहत सामग्रीमा ३० किलो चामल, तीन किलो दाल, दुई किलो चिनी, दुई लिटर तेल, दुई प्याकेट नुन, चार पिस साबुन वितरण गरिएको नगर प्रमुख दिलबहादुर ऐरले बताउनु भयो । उहाँले भन्नु भयो - ‘खाद्यान्न अभावभएका परिवारलाई भोको रहन दिदैनौ । राहत वितरण गर्ने कार्य घर दैलोमै पुगेर भइरहेको छ ।’

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** नौ ओटा स्थानीय तह रहेको दार्चुला जिल्लाका दुई ओटा स्थानीय तह क्रमसःलेकम र अपिहिमाल गाउँपालिकामा राहत वितरण हुँन नसक्दा उक्त गाउँपालिकाका असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई समस्या भएको छ । प्रदेश सरकारले असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई राहत उपलब्ध गराउन बजेट उपलब्ध गराएपनि यी दुई स्थानीय तहमा हालसम्म राहत वितरण हुन नसकेको हो ।

अपिहिमाल गाउँपालिकाले राहत वितरणको लागि मापदण्ड र सङ्ख्या एकिन गरिसकेको निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मणसिह धामीले बताउनु भयो ।

उहाँले भन्नु भयो - '६ ओटै वडाबाट तथ्याङ्क सङ्कलन गरिएको छ । कुल १ सय ५३ परिवारलाई राहत वितरणको लागि कार्यपालिका बैठकबाट निर्णय भइसकेको छ । लकडाउनका कारण सबै सामाग्री गाउँपालिकामा आइनपुगेको कारण केहि ढिलाई भएको हो । केहि दिनमै राहत वितरण गर्छौं ।'

६ ओटा वडा रहेको लेकम गाउँपालिकाले अहिले वडाबाट तथ्याङक सङ्कलन सुरु गरिएको छ । अझै दुई / तीन दिन तथ्याङ्क सङ्कलन गर्न लाग्ने लेकम गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नारायण भटट्ले बताउनु भयो । गाउँपालिका क्षेत्रभित्र समस्यामा परेका परिवार अहिलेसम्म सम्पर्कमा नआएको उहाँको भनाइ छ । गाउँपालिकाले कोराना भाइरस नियन्त्रण तथा व्यवस्थापनको लागि ८४ लाख १५ हजार रुपियाँको विपद् कोष स्थापना गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिल्ला अस्पताल दाचुलालाई कोरोना अस्पताल घोषणा गरेपछि चार जना डक्टर थप गरेको छ । जिल्ला अस्पतालमा यसअघि ६ जना डाक्टर रहेकोमा सङ्घीय सरकारले कोरोनाको उपचारमा सहयोग पु¥याउन भन्दै थप चार जना डाक्टर पठाएपछि जिल्ला अस्पतालमा हाल १० जना डाक्टर कार्यरत रहेका छन् । सङ्घीय सरकारले सुदूरपश्चिमको लागि ३४ जना डाक्टर पठाएकोमा जिल्ला अस्पताल दार्चुलाका लागि डाक्टर कृष्णराज अधिकारी, डाक्टर अरुण कुमार शाह, सतिश कुमार गुप्ता र चेतराज भट्लाई पठाएको जिल्ला अस्पताल,दार्चुलाका डा. गजेन्द्र दुवालले बताउनु भयो । चारै जना डाक्टर जनरल फिजिसियन हुन् ।

सुदूरपश्चिमको दार्चुला पनि कोरोनाको जोखिम क्षेत्र हुन सक्ने भन्दै यस क्षेत्रमा स्वास्थ्यकर्मी बढि पठाइएको हो । भारतसँग सीमा जोडिएको क्षेत्र भएको कारण यो क्षेत्रमा जोखिम बढन सक्ने विश्लेषण गरिएको छ । जिल्ला अस्पतालमा स्थापना कालदेखि भने नवौं तहको मेडिकल सुरपरिटेन्डेन्टको दरबन्दी रिक्त रहँदै आएको छ । कोरोना उपचारमा पीपीइ अनिवार्य भएपनि जिल्ला अस्पताल दार्चुलामा पिपिई अभाव कायमै रहेको छ । जिल्ला अस्पताल दार्चुलामा कार्यरत स्वास्थ्यकर्मीले कोभिड–१९ को सम्भावित जोखिम हुन नदिन व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ) अभाव रहेको समस्या भएको अस्पतालका डा. गजेन्द्र दुवालको भनाइ छ ।  जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाका खोप सुपरभाइजर विरेन्द्र भट्टले सुदूरपश्चिम प्रदेश सरकारले पठाएको चार सेट मात्र पिपिइ आएको बताउनु भयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** जिल्लाका १० ओटै स्थानीय तहका नगर प्रमुख तथा अध्यक्षको सहभागितामा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलको अध्यक्षतामा वैशाख ९ गते  जिल्ला सदरमुकाम मंगलसेनमा सामाजिक दूरी कायम गरेर बसेको बैठकले राहत वितरणमा एकरुप्ता ल्याउने निर्णय गरेको छ ।  हरेक स्थानीय तहमा खाद्य बैंक स्थापना गर्ने, स्थानीय तहकै अगुवाइमा राहत वितरण गर्ने,सार्वजनिक महत्वका योजना तथा निर्माण कार्य सञ्चालनमा ल्याउने, कोरोना भाइरस फैलन नदिने मापदण्ड र शर्त बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** दशरथचन्द नगरपालिका- ७ को केदारशीला आधारभूत विद्यालयमा स्थापना गरिएको क्वारेन्टाइनमा बसिरहेका व्यक्तिहरुलाई मापदण्ड विपरित दशरथचन्द नगरपालिका- ४ स्थित जगनाथ बहुमुखि क्याम्पसमा स्थापना गरिएको क्वारेन्टाइनमा सारिएको छ । ६ दिन अघिदेखि क्वारेन्टाइनमा बसेकाहरुलाई असुरक्षित ठाउँमा सारिएको दशरथचन्द नगरपालिका-७ का केसबदत्त बडुले गुनासो गर्नुभयो । आफूहरु सुरक्षित रुपमा आफ्नै वडामा तयार

गरिएको क्वारेन्टाइनमा बस्दै आएकोमा हाल जगन्नाथ बहुमुखि क्याम्पसमा अन्य ठाउँबाट आएकाहरुसँगै बस्न बाध्य परिएको उहाँको गुनासो छ । प्रहरीको टोलिले सुरक्षित क्वारेन्टाइनमा राख्छौं भनि फकाएर सदरमुकाम ल्याई असुरक्षित क्वारेन्टाइनमा राखेकाले आफुहरु समस्यामा परेको क्वारेन्टाइनमा बसेका नितेस बडुले बताउनु भयो । क्वारेन्टाइनको कार्यविधि अनुसार बढीमा ६ जनासम्मलाई एउटा शौचालयको व्यवस्था गर्नुपर्ने हुन्छ तर जगन्नाथमा रहेको क्वारेन्टाइनमा भारतलगायत विभिन्न ठाउँबाट आएका सबैले एउटै शौचालय र पानी प्रयोग गर्नुपर्ने बाध्यता छ । आफूहरुलाई जबरजस्ती भारतलगायत विभिन्न ठाउँबाट आएका व्यक्तिहरुसँगै बस्न बाध्य गरिएकाले सङ्क्रमणको त्रास झन सृजना भएको उनीहरुको गुनासो छ । क्वारेन्टाइनको अवधि सकिनै लाग्दा गाउँका क्वारेन्टाइनबाट सदरमुकाम सार्न थालिएपछि गाउँमासमेत कोरोनाको त्रास सृजना भएको छ । प्रमुख जिल्ला अधिकारी नृतृत्वको जिल्ला सुरक्षा समितिले सुरक्षाको कारण देखाउँदै सदरमुकामस्थित क्वारेन्टाइनमा राख्न भनेपछि आफूहरुले नगरपालिकाको वडामा बसेका सबै जनालाई सदरमुकाम सारेको दशरथचन्द नगरपालिकाका उपप्रमुख मिना चन्दले बताउनु भयो । तर, यो सबै व्यवस्था स्थानीय तह आफैले गर्नुपर्ने प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलको भनाइ छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**